२०८२ साल, वर्ष ७, अंक २० (असोज)

लाटोकोसेरो संरक्षण सबैका लागि

हाप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)

यो अङ्कमा के के छ?

नेपाली समाजमा लाटोकोसेरोका मिथक र विश्वासहरू !.....४

हेमजाले जोगाएको लाटोकोसेरो र काली नाग.....६

लाटोकोसेरोका रमाइला जानकारीहरु !.....८

लाटोकोसेरो उड्दा किन आवाज आउंदैन ?.....९

कथा : लाटोकोसेरोको लाई लागेको श्राप.....१०

लाटोकोसेरो सम्बन्धि अन्य कार्यक्रमहरु ११

उत्कृष्ट लाटोकोसेरो संरक्षण दूत.....१४



हाम्रो भन्नु

नेपालमा 'विकास' भन्नासाथ धेरैले बाटो, कुलो, भ्युटावर, स्वागत गेटजस्ता भौतिक पूर्वाधारहरूलाई मात्र बुझ्ने गर्छन्। तर यतिबेला पोखरा महानगरपालिका–२५ हेमजाले देखाएको उदाहरणले विकासको अर्थ फरक ढंगले प्रस्तुत गरेको छ।

पछिल्ला दुई वर्षदेखि हेमजाले काली नाग संरक्षणका लागि बजेट विनियोजन गर्दै आएको छ, जसले स्थानीय निकायले पनि वन्यजन्तु संरक्षणमा सक्रिय भूमिका खेल्न सक्छन् भन्ने सशक्त सन्देश दिएको छ।

हेमजाले केवल बजेट विनियोजन मात्र गरेन; त्यससँगै काली नागलाई वडा सर्प र गोठे लाटोकोसेरोलाई वडा चरा घोषणा गर्दै नौलो संरक्षण पहल पनि गरेको छ।

यसका साथै, सो क्षेत्रअन्तर्गत पर्ने तिप्रेकोट सामुदायिक वनलाई 'लाटोकोसेरो संरक्षण क्षेत्र' घोषणा गरिएको छ। त्यहाँ गुलेली प्रयोगमा प्रतिबन्ध, कृत्रिम गुँड राख्ने र जनचेतनामूलक अभियानहरू सञ्चालन गरिएका छन्। यी सबै गतिविधिले हेमजाका बासिन्दाको लाटोकोसेरो तथा अन्य वन्यजन्तुप्रतिको प्रेम र प्रतिबद्धता स्पष्ट देखाउँछ।

विकास भनेको ठूला संरचना मात्र होइन; यस्ता साना तर प्रकृति–मैत्री कार्यहरू पनि विकासका उत्कृष्ट उदाहरण हुन्। हेमजाले देखाएको यो बाटोले सम्पूर्ण देशका समुदायहरूलाई सिकाउने प्रयास गरेको छ कि साँचो विकास भनेको प्रकृति र मानवबीचको सहअस्तित्वमा आधारित हुन्छ। हेमजाको यस अभियानमा संलग्न सबै सरोकारवालाहरू धन्यवादका पात्र छन्, किनभने उनीहरूले विकास र संरक्षण एकैसाथ अघि बढ्न सक्छ भन्ने सन्देश दिएका छन्।

नेपाली समाजमा लाटोकोसेरोका मिथक र विश्वासहरू !

राजु आचार्य
प्रकृतिका साथीहरु

समयसँगै समाजमा रहँदै आएका धेरै विश्वास र मिथकहरू परिवर्तन हुँदै गएका छन्। कतिपय ठाउँमा पुराना विश्वासहरू अब केवल कथा र जनश्रुतिमा सीमित भएका छन्, तर कतै अझै पनि लाटोकोसेरोसँग सम्बन्धित परम्परागत अभ्यासहरू चल्दै छन्। यी विश्वासहरूबारे थप अध्ययन र अनुसन्धान आवश्यक देखिन्छ। यद्यपि, यहाँ केही प्रचलित जनविश्वासहरू उल्लेख गरिएको छ, जुन अझै पनि हाम्रो समुदायमा पाइन्छन्।

लाटोकोसेरोका ठूला आँखा, डर लाग्दो आवाज र रातमा सक्रिय हुने स्वभावका कारण विश्वका विभिन्न देशहरूमा यस चरासँग सम्बन्धित अनेक कथा, मिथक र विश्वासहरू भएका हुन सक्छन्। जापान र युरोपका कतिपय देशहरूमा लाटोकोसेरोलाई शुभ चरा मानिन्छ, तर दक्षिण एशियाका देशहरू जस्तै भारत, बङ्गलादेश र नेपालमा सुस्त र लापरवाह मानिसहरूलाई 'लाटोकोसेरो' सँग तुलना गरिन्छ। यहाँ 'लाटोकोसेरो' तथा 'उल्लु' शब्दलाई प्रायः व्यङ्ग्यका रूपमा प्रयोग गरिन्छ।
प्रचलित केही मिथक र विश्वासहरू:

उल्लुको आवाज: यदि गाउँमा वा घरको छतमा 'लाटोकोसेरो' ले करायो भने, त्यस गाउँ वा घरमा कोही बिरामी पर्न सक्छ वा मृत्यु हुने विश्वास गरिन्छ। यो विश्वास नेपालका धेरै ठाउँमा पाइन्छ।

थारू समुदायको विश्वास: थारू लगायत केही आदिवासी समुदायमा उल्लु अशुभ मानिन्छ। उनीहरू घर नजिक आएमा ढुंगाले हान्छन् वा भगाउँछन्। यसो नगरेमा रुख नजिकको घरमा कोही बिरामी पर्न वा मर्ने विश्वास गरिन्छ।

पूर्वी नेपालको विश्वास: गर्भवती महिलाले उल्लु (हप्सिलो) देखेमा गर्भपतन हुन सक्छ भन्ने विश्वास छ।

पुराना कथनहरू: गाउँका बुढापाकाहरू भन्छन् उल्लुले अरू नौवटा चराको आँखा खाएको हुनाले र ती सबैको आँखाको प्रकाश लाटोकोसेरोले प्राप्त गरेको हुनाले दिउँसो अति चहकिलो भएकाले त्यसले देख्न सक्दैन।

पश्चिमी पहाडी विश्वास: डडेल्धुरा, डोटी, अछाम जस्ता जिल्लामा लाटोकोसेरोको ऐनामा प्रतिविम्ब नदेखिने र उसले हेरेको वस्तुको रङ परिवर्तन गर्न सक्ने शक्ति हुन्छ भन्ने मान्यता छ।

विषालु मान्यता: कतिपय ठाउँमा उल्लु विषालु हुन्छ र त्यसको टोकाइले मानिस मर्छ भन्ने विश्वास छ। त्यस्तै, यदि उल्लु कसैको टाउकोमाथिबाट उड्यो भने मानिस बिरामी पर्छ भन्ने भनाइ पनि प्रचलित छ।

लाटोकोसेरोको आँखा: लाटोकोसेरोको आँखा पिसेर मान्छेको आँखामा लगाउँदा रातमा हेर्न सकिने, वा बिग्रिएको आँखाको सट्टा उल्लुको आँखा राख्दा दृष्टि फर्किने विश्वास पनि पाइन्छ।

बिरालोको छायाँ: पश्चिमका पहाडी क्षेत्रमा विश्वास छ लाटोकोसेरोको छायाँ परेमा बिरालो हलचल गर्न सक्दैन।

आत्मा र उल्लु: मृत आत्माहरू उल्लुका वरिपरि हुन्छन् भन्ने विश्वासले गर्दा उल्लुलाई घरपालुवा बनाउन नहुने मानिन्छ। बिरामीको घरमा उल्लु करायो भने उसको रोग झन् बढ्छ भन्ने विश्वास पनि छ।

भक्तपुरको विश्वास: भक्तपुरमा उल्लुलाई 'गुप्तचर', अर्थात् मान्छेमा नजर राख्ने चराको रूपमा लिइन्छ। केही कथावाचकहरूका अनुसार, जादुगरनीहरू लाटोकोसेरोको शरीरमा प्रवेश गरेर राति घुम्ने गर्छन्।

मनाङ र मुस्ताङमा धारणा: यी हिमाली जिल्लाहरूमा लाटोकोसेरोको उपस्थितिलाई शुभ मानिन्छ। यहाँका मानिसहरूले उल्लुलाई सृष्टिकर्ता चराको रूपमा पनि लिन्छन्।

सिक्लेस गाउँको विश्वास: यहाँका बासिन्दाहरूका अनुसार, लाटोकोसेरोको हड्डीबाट बनाइएको माला लगाउँदा राति डर लाग्दैन र खराब आत्माबाट जोगिन्छ। यस्तो माला लगाउनेलाई साहस मिल्ने विश्वास गरिन्छ।

ध्यानका प्रतीकका रूपमा लाटोकोसेरो: लाटोकोसेरोलाई ध्यान र एकाग्रताको प्रतीक पनि मानिन्छ। यो चरा शान्त वातावरणमा स्थिर भएर केवल आफ्नो टाउको घुमाउँछ, त्यसैले ध्यानमा बस्ने मानिसका लागि लाटोकोसेरो अनुकरणीय चरा मानिन्छ।

दोलखा जिल्लाका तान्त्रिकहरूको विश्वास: दोलखाका केही तान्त्रिकहरूले लाटोकोसेरोको पखेटा वा हड्डी प्रयोग गरेर माला बनाउँछन्। उनीहरू यसलाई आफ्नो शक्ति प्रदर्शनका लागि प्रयोग गर्छन्। त्यस्तै, बच्चाहरूको जीवनमा नराम्रो नहोस् भनेर पनि यस्ता हड्डी वा पखेटाबाट बनेका ताबीज वा बुटी बनाएर बाध्ने चलन छ।

झगडा पार्ने लाटोकोसेरो: रसुवामा मन नपरेको छिमेकीको घरमा लाटोकोसेरोको प्वाँख थाहा नपाई कतै राखिदिँदा त्यहाँ झगडा सुरु हुन्छ भन्ने विश्वास गरिन्छ।

(प्रकाश उन्मुख 'लाटोकोसेरोका सुस्केराहरू' पुस्तकबाट साभार)

हेमजाले जोगाएको लाटोकोसेरो र काली नाग

सन् २०२४ मा गण्डकी प्रदेशका लागि व्हिट्ली परियोजना अन्तर्गत 'लाटोकोसेरो संरक्षण दूत' का रूपमा चयन हुँदै, मैले विभिन्न तालिम, सेमिनार र क्षमता अभिवृद्धि कार्यक्रमहरूमा सहभागी भई लाटोकोसेराहरूको जीवन, व्यवहार र संरक्षणबारे ज्ञान हासिल गरेँ। प्राप्त अनुभव र ज्ञानलाई मैले विद्यालयहरू, स्थानीय समूहहरू र सामुदायिक सचेतना अभियानमार्फत् स्थानीय जनतामा विस्तार गरेँ।

केशव राज सापकोटा
नागरिक वैज्ञानिक तथा लाटोकोसेरो संरक्षण दूत,
हेमजा, कास्की

म सर्प उद्धार कार्यमा लामो समयदेखि संलग्न भएकाले स्थानीय मानिसहरूसँग छलफल र सम्पर्क गर्न सजिलो भयो। विभिन्न ठाउँमा जनचेतनामूलक कक्षाहरू सञ्चालन गर्दै मैले विद्यार्थी र किसानलाई लाटोकोसेरो 'किसानको साथी' हो भनेर बुझाएँ।

गोठे लाटोकोसेरो उत्कृष्ट मुसा नियन्त्रणकर्ता हुन् र कृषियोग्य क्षेत्रमा सन्तुलन कायम गर्न सहयोग गर्छन्। हेमजाको कुल क्षेत्रफलमध्ये झन्डै ४०% कृषि क्षेत्रमा पर्दछ, जहाँ यो चराले किसानको बाली सुरक्षित राख्न महत्वपूर्ण भूमिका खेल्छ। हाम्रो अवलोकन अनुसार, हेमजामा हालसम्म ७ प्रजातिका लाटोकोसेरोहरू अभिलेखित भएका छन्, जुन सानो क्षेत्रमा निकै उल्लेखनीय उपलब्धि हो।

व्हिट्ली परियोजनाको क्रममा मैले महसुस गरें कि हेमजामा स्थानीय तहबाटै लाटोकोसेरोको संरक्षण र प्रवर्द्धन आवश्यक छ। प्रकृतिका साथीहरू (FRIENDS OF NATURE) र सर्प संरक्षण समाज नेपाल (SNAKE CONSERVATION SOCIETY NEPAL) सँगको सहकार्यमा हामीले हेमजालाई एउटा नमूना वडा बनाउने प्रयास थाल्यौँ, जहाँ पंक्षी र सर्प दुवैलाई संरक्षणको प्रतीकका रूपमा सम्मान गरियोस् भन्ने हाम्रो लक्ष्य थियो।

दुई दशकभन्दा बढी समय सर्प संरक्षणमा बिताएको कारण मैले हेमजामा काली नाग (KING COBRA) र यसको गुँड बारम्बार देखेको छु। स्थानीय समुदायले यस सर्पलाई नाग पञ्चमीका अवसरमा पूजा गर्ने परम्परा पनि छ। काली नागले विषालु र अविषालु दुवै प्रकारका सर्प खाने भएकाले यसले मानिस र सर्पबीचको द्वन्द्व घटाउने महत्वपूर्ण भूमिका खेल्छ। त्यसैले हामीले यसलाई 'वडा सर्प' का रूपमा सिफारिस गर्यौँ।

हाम्रो निरन्तर प्रयास, वैज्ञानिक प्रमाण र स्थानीय जनप्रतिनिधिको सहमतिमा, पोखरा महानगरपालिका–२५ हेमजामा सर्वदलीय बैठकले 'गोठे लाटोकोसेरो (BARN OWL)' लाई वडा चरा र "काली नाग (KING COBRA)" लाई वडा सर्प घोषणा गर्‍यो। जब वडा अध्यक्षले जनचेतनामूलक कार्यक्रममा यो ऐतिहासिक घोषणा गर्नुभयो, त्यो क्षण मेरो लागि अत्यन्त गर्व र भावनाले भरिएको रह्यो।

मेरो लामो समयको वन्यजन्तु संरक्षणप्रति समर्पण त्यस क्षणमा सार्थक भएको अनुभूति भयो। त्यो केवल व्यक्तिगत उपलब्धि मात्र थिएन; बरु हेमजाको पहिचान, प्रकृतिप्रतिको सम्मान र स्थानीय समुदायको साझा प्रतिबद्धताको प्रतीक पनि थियो। सो घोषणा कार्यक्रममा सबै सरोकारवालाको सहभागिता थियो, र स्थानीय पत्रपत्रिकाले यस घटनालाई प्रमुख समाचारका रूपमा प्रकाशित गरेका थिए। कार्यक्रममा वडाले नियमित रूपमा वन्यजन्तु संरक्षणका लागि बजेट छुट्याउने निर्णय गर्दै आएको जानकारी पनि दिइयो।

आज हेमजा केवल प्राकृतिक सौन्दर्य र कृषि उत्पादनका कारण मात्र होइन, वन्यजन्तु संरक्षणका दृष्टिले पनि नेपालकै अग्रणी वडामध्ये चिनिन्छ। गोठे लाटोकोसेरो र काली नागले मुसा र सर्प नियन्त्रणमार्फत सहअस्तित्वको सन्देश फैलाइरहेका छन्। नेपालमै पहिलो पटक गरिएको यस्तो कार्यक्रम संरक्षणको नयाँ शुरुवात हो। यिनको दीर्घकालीन संरक्षणका लागि सबै सरोकारवालाको निरन्तर छलफल, प्रतिबद्धता र सामूहिक प्रयास अझ आवश्यक छ।

लाटोकोसेरोका रमाइला जानकारीहरु !



लाटोकोसेरो रातको राजा हो !

लाटोकोसेरो प्रायः रातमा सक्रिय हुने चरा हो। यसको आँखामा 'ROD CELL' नामक विशेष कोष हुन्छ, जसले कम प्रकाशमा पनि वस्तु राम्ररी देख्न मद्दत गर्छ। यही कारणले यो अँध्यारो रातमा पनि बिना उज्यालो सिकार गर्न सक्षम हुन्छ।

लाटोकोसेरो आफ्नै घर बनाउँदैन !

लाटोकोसेरोले प्रायः रुखका टोड्का र पुराना घरका खोपीहरू प्रयोग गर्दछ। उसले प्रायः अरू चराले बनाएका गुँडहरू पनि प्रयोग गर्छ। कतिपयले पुराना चिम्नी वा ढुंगाका गुफामा आफ्ना बच्चा हुर्काउने गर्दछन्।

लाटोकोसेराको विष्ठा र पेलेटबाट अध्ययन !

वैज्ञानिकहरूले लाटोकोसेराले थुकेको पेलेट (PELLET) र विष्ठा अध्ययन गरेर उसले के के खायो भन्ने पत्ता लगाउँछन्। यसबाट उसको सिकार क्षेत्र, बासस्थान र स्वास्थ्यको बारेमा जानकारी पाइन्छ। यसरी, लाटोकोसेरो वैज्ञानिक अनुसन्धानमा पनि सहयोगी चरा हो।

लाटोकोसेरो उड्दा किन आवाज आउंदैन ?

लाटोकोसेरो रातमा सिकार गर्ने र सबैभन्दा शान्त उड्ने चरा हो। यसको उडान शान्त हुनुका मुख्य कारणहरू यसप्रकार छन्:

प्वाँखको अगाडिको दाँतजस्तो भाग (SERRATED LEADING EDGE)
लाटोकोसेरोको प्वाँखको अगाडि स-साना दाँतजस्ता हुन्छन्। यीनले हावालाई स-साना धारमा बाडेर ठूलो आवाज हुनबाट रोक्छन्।

मखमली सतह (VELVETY TEXTURE)
प्वाँखको सतह नरम र मखमली हुन्छ। यसमा स-साना रौंहरू हुन्छन्, जसले हावाको आवाज सोस्छन् र कम्पन कम गर्छन्।

नरम प्वाँखको किनारा (SOFT FEATHER EDGES)
प्वाँखको पछाडिको किनारा नरम र लचिलो हुन्छ। हावा सहजै निस्कन पाउँदा झट्का र आवाज कम हुन्छ।

मन्द र शान्त उडान (SLOW AND SMOOTH FLIGHT)
लाटोकोसेरोले छिटो पखेटा हल्लाउँदैन। शरीर हलुका र पखेटा फराकिलो भएकाले बिस्तारै उड्छ र कम आवाज निकाल्छ।

कथा : लाटोकोसेरोको लाई लागेको श्राप

राजु आचार्य
प्रकृतिका साथीहरु

एकपटकको कुरा हो। एउटा गाउँको छेउमा ठूलो रुख थियो। त्यो रुखमा धेरै चराहरूका गुँडहरू थिए। सबै चरा खुशीसाथ त्यहीँ बस्थे र रमाइरहन्थे। ती चरामध्ये एउटा लाटोकोसेरो पनि थियो। सुरुमा ऊ सबैसँग मिल्ने, इमानदार र दयालु थियो।

जब बिहान हुन्थ्यो, अरू चराहरू खाना खोज्न उड्थे, तर लाटोकोसेरो रुखमै बस्थ्यो। ऊ सबैको गुँड र अण्डाहरू हेरथ्यो। सबै चराहरू उसलाई विश्वास गर्थे, किनकि ऊ कहिल्यै कसैको नोक्सान गर्दैनथ्यो।एक दिन भने ऊ पनि खाना खोज्न गयो, तर त्यस दिन उसको भाग्य साथमा थिएन। जहाँ जहाँ गयो, कहीँ पनि खाना भेटेन। ऊ थाक्यो, भोकले गल्यो, अनि रुखमा फर्कियो।

त्यही समयमा अर्को चराले भन्यो, “म खाना खोज्न बाहिर जानुपर्छ। कृपया मेरो गुँड र अण्डाहरू हेरिदेऊ।” लाटोकोसेरोले तुरुन्तै मान्यो र भन्यो, “निश्चिन्त भएर जा, म हेर्छु।” तर समय बित्दै जाँदा लाटोकोसेरोको भोक झन् बढ्दै गयो। उसले धेरै प्रयास गर्‍यो कि आफूलाई रोक्ने, तर अन्ततः ऊ भोकले हार मान्यो। ऊ रोक्न नसकेर ती अण्डा खायो। अण्डा खाएपछि ऊ डरायो र पछुतायो। मनमा सोच्यो, “अब त्यो चरा फर्किँदा म के जवाफ दिऊँ?”

केही समयपछि त्यो चरा फर्कियो। उसले गुँड खाली देख्यो; अण्डा हराएका थिए। ऊ रुँदै सबै चरासँग सोध्न थाल्यो, “मेरो अण्डा कसले खायो?” लाटोकोसेरोले झूट बोल्यो, “मैले अरू कसैलाई लगेको देखेको थिएँ।” तर ऊ बोल्दै गर्दा डरले काँपिरहेको थियो, र अरु चराहरू पनि जम्मा भए। सबैले उसैलाई संका गरे। नजिकै अन्डाको बोक्रा पनि देखियो। लाटोकोसेरो बोल्दै बोल्दै उल्टी गर्न थाल्यो, र सबैले बुझिहाले अण्डा उसैले खाएको रहेछ।

त्यो चरा धेरै दुःखी र रिसाएको थियो। उसले लाटोकोसेरोलाई श्राप दियो, “अबदेखि तैंले कहिल्यै उज्यालोमा नदेखस्! दिनमा लुकेर बस् र रातमा मात्रै निस्कनुपरोस्।” त्यसै दिनदेखि लाटोकोसेरो कहिल्यै दिनमा देखिँदैन। ऊ अँध्यारो रातमा मात्रै निस्कन्छ। दिनको उज्यालोमा अरु चराहरूले दुख दिन सक्छन् कि भनेर निस्कन छोडेको थियो। ऊ सधैं सम्झिन्छ गलत कामले सधैं दुःख र पछुतो ल्याउँछ। त्योबेलादेखि आजसम्म, लाटोकोसेरो रातको चरा बनेर बाँचिरहेको छ। ऊ अहिले पनि शान्त अँध्यारोमा उड्छ, मानौँ आफ्नो गल्तीको क्षमायाचना गरिरहेको छ।

लाटोकोसेरो सम्बन्धि अन्य कार्यक्रम

जेठ २८, २०८२ मा, वेनी नगरपालिकाबाट एक व्यक्तिले थुनेर पखेटा काटेर राखेको अवस्थामा फेला परेको लेकाली उलुकको लाटोकोसेरो संरक्षण दूतहरू केशव राज सापकोटा र सुदर्शन पराजुलीले उद्दार गरेका छन्। डिभिजन वन कार्यालय, म्याग्दीको समन्वयमा, यो लाटोकोसेरो प्राकृतिक वासस्थानमा छोडिएको हो।

असार ७, २०८२ मा, पोखरा ९ स्थित पोखरा बहुमुखी क्याम्पसको प्राङ्गणमा घाइते अवस्थामा फेला परेको मलाहा हुचिलको लाटोकोसेरो संरक्षण दूत सुदर्शन पराजुली र संरक्षणकर्मी राजु आचार्यले उद्दार गरी सुरक्षित स्थानमा छोड्नु भएको छ।

जेठ २२, २०८२ मा, पोखरा २५, हेमजा स्थित गौरिशङ्खर मा.वी. र हेम्जा बोर्डिङ् स्कुलका विद्यार्थीहरूले लाटोकोसेरो क्लबमार्फत विभिन्न कार्यक्रम गरी विश्व वातावरण दिवस भव्यताका साथ मनाएका छन्। विद्यालय प्राङ्गणमा सरसफाइ, वृक्षारोपण, र लाटोकोसेरो संरक्षण सम्बन्धि चित्रकला प्रतियोगिता आयोजना गरिएको थियो। प्रकृतिका साथीहरू संस्थाहरूको समन्वयमा सो कार्यक्रम सम्पन्न भएको थियो।

जेठ २८, २०८२ मा, वेनी नगरपालिका वडा नं. ४ स्थित देउराली पाखा सामुदायिक वनमा हालसालै घोषणा गरिएको लाटोकोसेरो संरक्षण विशेष तथा गुलेली प्रतिबन्धित क्षेत्रको संकेत गर्ने होर्डिङ बोर्डहरू विभिन्न स्थानमा राखिएका छन्।

असार १४, २०८२ मा, पोखरा-२५ हेम्जामा स्नेक कन्जरभेसन सोसाइटी नेपालको आयोजनामा लाटोकोसेरो र सर्प संरक्षण तथा जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा प्रकृतिका साथीहरू संस्थाको तर्फबाट लाटोकोसेरो संरक्षण सम्बन्धी जनचेतनामूलक प्रवचन प्रस्तुत गरिएको थियो।

सोही कार्यक्रममा, कार्यक्रमका प्रमुख अतिथि, पोखरा महानगरपालिका वडा नं. २५ का अध्यक्ष एवं पोखरा महानगरपालिकाको कार्यालयका प्रवक्ता मोतिलाल तिमिल्सिनाले गोठे लाटोकोसेरोलाई वडा पंक्षी र राजगोमनलाई वडा सर्प घोषणा गर्नु भएको थियो।

श्रावण ८, २०८२ मा, नेपाल पंक्षी संरक्षण संघ, पोखरा शाखाले आयोजना गरेको 'आउल नाइट' कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो। उक्त कार्यक्रममा लाटोकोसेरो संरक्षणका लागि नाटक, संरक्षण गीत, लाटोकोसेरो नाच, भिडियो प्रदर्शनी तथा संरक्षण र अनुसन्धान सम्बन्धी सामग्रीको प्रदर्शनी पनि गरिएको थियो। कार्यक्रममा प्रकृतिप्रेमी साथीहरूले पनि सहयोग र सहभागिता जनाएका थिए।

भाद्र २३, २०८२ मा, प्रकृतिका साथीहरू संस्थाले एक वर्ष अवधिभर व्हिटली पुरस्कार अन्तर्गत सञ्चालन भएका परियोजनाका सम्पूर्ण कार्य र उपलब्धिहरूको जानकारी दिने उद्देश्यले शेयरिङ वर्कशप (कार्य सम्पन्न गोष्ठी) सम्पन्न गरेको छ। गण्डकी प्रदेशका नीति निर्माताहरू, सरोकारवालाहरू, लाटोकोसेरो संरक्षण विशेष क्षेत्र र गुलेली प्रतिबन्धित क्षेत्रका प्रतिनिधिहरू, लाटोकोसेरो क्लबका प्रतिनिधिहरू, लाटोकोसेरो संरक्षण दूतहरू लगायत जम्मा ३८ जना सहभागी भएको उक्त कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष सोम जीसीले गर्नु भएको थियो भने प्रमुख अतिथित्व वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशका सचिव मोहन राज काफ्लेले गर्नु भएको थियो।

लाटोकोसेरो संरक्षणको लागि बनाइएको कृत्रिम गुँडमा हुर्किंदै गरेको गोठे लाटोकोसेरोका बच्चाहरू।

उत्कृष्ट लाटोकोसेरो संरक्षण दूत

असार २९, २०८२ मा, प्रकृतिका साथीहरू संस्थाले पोखरामा लाटोकोसेरो संरक्षणका निम्ति व्हिट्ली पुरस्कारबाट सञ्चालित परियोजना सफल पार्नमा संलग्न ४ जना टोली सदस्य, २ जना कर्मचारी तथा ६ जना लाटोकोसेरो संरक्षण दूतहरूलाई धन्यवाद ज्ञापन तथा सम्मान कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा संस्थाका अध्यक्ष सोम जिसी र कार्यकारी निर्देशक राजु आचार्यको उपस्थितिमा सम्मान अर्पण गरिएको थियो।

उक्त अवसरमा, उत्कृष्ट लाटोकोसेरो संरक्षण दूत केशवराज सापकोटालाई नगद रु २५,०००, दोसल्ला र प्रमाणपत्रले सम्मान गरिएको थियो।

पोखरा, हेमजा निवासी सापकोटा लामो समयदेखि सर्प उद्धार तथा संरक्षणमा संलग्न छन्। हाल उनी सर्प र लाटोकोसेरो दुवैको अध्ययन, अनुसन्धान र संरक्षणमा संलग्न छन्।

उत्कृष्ट लाटोकोसेरो संरक्षण दूत
केशवराज सापकोटा

गौरीशंकर मध्यामिक बिधालयका 'लाटोकोसेरो क्लब'का पदाधिकारीहरु

प्रकृतिका साथीहरुको चौमासिक प्रकाशन हाप्सिलो

अवधारणा : राजु आचार्य र यादव घिमिरे

सम्पादक : राजु आचार्य

लेख, रचना तथा सम्पर्कका लागि

friendsofnature2005@gmail.com